स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILYराष्ट्रिय दैनिक



७१ औं मिस वर्ल्ड प्रतियोगिता भारतको राजधानी दिल्लीमा सुरु भएको छ । दिल्लीको अशोक होटलमा आयोजित उद्घाटन समारोहमा ११७ मुलुकका प्रतिस्पर्धी सुन्दरीले आकर्षक पहिरनसहित परिचय दिए । सन् २०२२ का विजेताले यो संस्करणमा सहभागिता जनाइरहेका छन् । नेपालको प्रतिनिधित्व गर्दै प्रियंकारानी जोशीले उद्घाटन समारोहमा आफ्नो परिचय दिएकी थिइन् । गुन्यूचोलो र छड्के तिलहरि लगाएर नेपाली परम्परागत पोशाकमा सजिएर प्रियंका आफ्नो परिचय दिएकी थिइन् ।

**आजको विचार...**



नेपाली...
(दुई पेजमा)

विनोद त्रिपाठी



सवीर श्रेष्ठले निर्देशन गर्ने फिल्म ‘रुखान’को शीर्ष अभिनेत्रीमा नीति शाह अनुबन्धित भएकी छन् । निर्माता र नीतिबीच लिखित सम्झौता भएको छ । चार भाषामा बन्न लागेको यो फिल्मलाई लिएर आफू उत्साहित रहेको नीतिले बताइन् । निर्माताका अनुसार यो फिल्ममा उनले विद्रोही महिलाको चरित्र निर्वाह गर्नेछिन् । नीतिले गत साता डेब्यु फिल्म ‘खजुरे ब्रो’को छायांकन सकेकी थिइन् । केन्द्रीय भूमिका भएकाले पनि नीतिका लागि यो फिल्म महत्वपूर्ण हुने देखिएको छ । ‘रुखान’लाई नेपाली, हिन्दी, अंग्रेजी र भोजपुरी भाषामा बनाउने तयारी छ ।

❒ वर्ष २९ ❒ अंक २०५ ❒ २०८० फागुन १० गते बिहीबार 22 February 2024, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### जिप र मोटरसाइकल ठोक्किँदा २ जनाको मृत्यु



**दाङ,** फागुन ९/जिप र मोटरसाइकल एक आपसमा ठोक्किँदा दाङमा मोटरसाइकलमा सवार दुई जनाको मृत्यु भएको छ ।

घोराही-तुलसीपुर सडक खण्डमा बुधबार बिहान तुलसीपुरबाट घोराहीतर्फ आउँदै गरेको रा. ५ प.५४५३ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको बा.२ झ. ३६५२ नम्बरको बोलेरो जिप आपसमा ठोक्किएका थिए । सवारी साधन एक आपसमा ठोक्किँदा मोटरसाइकल चालक रोल्पाको त्रिवेणी गाउँपालिका-५ का २१ बर्षीय विवेक पुन र मोटरसाइकलमा पछाडी सवार सोही ठाउँका २४ वर्षीय नेत्र भण्डारीको मृत्यु भएको हो ।

दुर्घटनामा घाइते दुवैजनाको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय दाङले जनाएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको छ ।

## राप्रपाले प्रधामन्त्रीलाई बुझायो ४० बुँदे ज्ञापनपत्र

# हिन्दु राष्ट्र, राजसंस्थासहित जनताबाट निर्वाचित प्रधानमन्त्री हुनुपर्ने माग

**रामचन्द्र रायमाझी**

**पाल्पा,** फागुन ९/राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले हिन्दु राष्ट्र, राजसंस्थासहित जनताबाट निर्वाचित प्रधानमन्त्री हुनुपर्ने जस्ता ४० बुँदे माग राख्दै प्रधामन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ । बुधबार देशैभरका प्रमुख जिल्ला अधिकारीमार्फत राप्रपाले प्रधानमन्त्रीलाई मागसहित ज्ञापनपत्र बुझाएको हो ।

केन्द्रीय कार्यक्रम अनुसार राप्रपा पाल्पाले पनि प्रमुख जिल्ला अधिकारी आनन्द काफ्ले मार्फत प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ज्ञापनपत्र बुझाएको छ । जिल्ला अध्यक्ष डुलबहादुर कुंवरको नेतृत्वमा र्‍यालीसहित प्रशासन कार्यालय पुगेको टोलीले राजसंस्था, हिन्दुराष्ट्रको पुनःस्थापना, जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री, प्रदेश संरचनाको खारेजी, बलियो केन्द्र र अधिकारप्राप्त स्थानीय तह रहेको दुई तहको सरकार, भ्रष्टाचार नियन्त्रण, सुशासनको प्रत्याभूतिका साथै राष्ट्रियता, विकास, सुशासन, सेवाप्रवाह एवं जनजीविकासँग प्रत्यक्ष सम्बन्धित तथा मुलुकको दीर्घकालीन हितका विभिन्न माग राखेर ज्ञापनपत्र बुझाएको हो । ज्ञापन पत्र





बुझाउनु अघि राप्रपा पाल्पाले तानसेनस्थित सिल्खानटोलबाट दबाबमूलक र्‍याली सुरु गरेर जिल्ला प्रशासन कार्यालय पुगेको थियो । राप्रपाका अध्यक्ष कुंवरले सिडियो काफ्लेलाई ४० बुँदे मागपत्र वाचन गरेर बुझाएका थिए । ज्ञापन पत्र बुझ्दै प्रजिअ काफ्लेले जस्ताको त्यस्तै सम्बन्धित निकायमा तत्कालै पठाइदिने बताएका छन् । उनले जिल्लाका राजनीतिक दलहरुका सकारात्मक गतिविधि र माग प्रति आफु सधैँ सकारात्मक रहेको भन्दै जिल्लाको विकासमा दलहरुसँग सहकार्य गरेर अगाडि बढ्ने समेत बताए ।

राप्रपाका जिल्ला अध्यक्ष कुंवरले आफुहरुको माग तत्काल सम्बोधन नभए सशक्त आन्दोलनमा उत्रिने बताए । उनले सरकारले आफ्नो मागबारे कुनै सुनुवाइ नगरेमा आन्दोलन गर्न तयारी अवस्थामा रहन सबै नेता कार्याकर्ताहरुलाई आग्रह समेत गरे । राप्रपाले संवैधानिक राजसंस्था र पूर्ण धार्मिक स्वतन्त्रसहितको हिन्दु अधिराज्य हुनुपर्ने, धर्मान्तरणमा तत्काल रोक लगाउनुपर्ने, प्रदेशको खारेजी र दुई तहको सरकार हुनुपर्ने, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्था हुनुपर्ने, कार्यकारी पदमा दुई कार्यकाल भन्दा बढी हुन नहुनेलगायतका ४० बुँदेमाग राखेको छ । यस्तै बढ्दो भ्रष्टाचारको विषयदेखि बैंक, वित्तीय संस्थाको मनपरीमाथि हुनुपर्ने लगायतका विषय पनि उल्लेख छ । ‘राष्ट्रियतालाई सर्वोपरी साध्य, प्रजातन्त्रलाई अपरिहार्य आधार, राजसंस्थालाई राष्ट्रिय एकताको प्रतीक, सनातन हिन्दु धर्मलाई धार्मिक सहिष्णुता र सामाजिक सौहार्दताको जग र उदार अर्थतन्त्रलाई कल्याणकारी राज्य र समतामूलक सम्वृद्धिको मेरुदण्ड मान्दै बृहत् राष्ट्रिय एकता गरी ‘नवीन समझदारी’ मार्फत मुलुकलाई निकास दिन राप्रपा सरकारसँग माग गर्दछ,’ राप्रपाको ज्ञापनपत्रमा भनिएको छ ।

## कर्मचारी आवश्यकता

**नवजनचेतना दैनिक**का लागि निम्न कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**पद : बजार व्यवस्थापक**

**संख्या :** केही

**योग्यता :** +२ उत्तीर्ण

**तलव :** नियम अनुसार

**आवेदन दिने अन्तिम मिति :** २०८०/११/१६ गते सम्म ।

आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।

*(**नोट** : मोटरसाइकल, स्कुटीको लाइसेन्स भएको र अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।)*

**कैलाशनगर मिडिया प्रा.लि.**

**(नवजनचेतना दैनिक)**

भगवतीटोल, तानसेन, पाल्पा

E-mail : njdnews@gmail.com

## तानसेनमा निकालियो भीमसेनको रथ यात्रा

**पाल्पा,** फागुन ९/तानसेनको शित्तलपाटीस्थित भीमसेन मन्दिर परिसरबाट श्री ७ भीमसेनको रथ यत्रा निकालिएको छ । बुधबार धार्मिक आस्थासँग जोडिएको भीमसेनको रथ यात्रा निकालिएको हो ।

यहाँका नेवार समुदायले हरेक वर्ष माघ शुक्ल द्वादशीका दिन भिमसेनको रथ यात्रा निकाल्ने गर्दछन् । सोही अनुसार यस वर्षको रथ निकालिएको हो । भीमसेनको मूर्तिलाई खटमा राखेर नगर परिक्रमा गराइएको थियो । नेवार समुदायले भीमसेनलाई कुल देउताका रुपमा पूजा गर्दै आएका छन् । रथयात्रा गर्दा धेरैजसो नेवार समुदायहरुले आ-आफ्नो घर-घरबाट भगवानलाई पूजा दिएका थिए । शित्तलपाटीमा रहेको भीमसेन मन्दिर विसं १८६४ मा स्थापना भएको थियो । माघ शुक्ल भीमा एकादशीको दिन तानसेनमा खासै केही गरिदैन । यस दिन राती शित्तलपाटी मन्दिर अगाडि धुनि जगाइन्छ, भजन गाइन्छ तथा उपस्थित भक्तजनहरुलाई प्रसादको रुपमा समयबजी बाड्ने प्रचलन रहेको छ । माघ शुक्ल द्वादशीको दिन भने भीमा द्वादशी भनेर शित्तलपाटीको भीमसेनको रथयात्रा निकाल्ने परम्परा रहेको देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान पाल्पाका अध्यक्ष मदन देउरालीले बताए । नेवार समुदायले शुभ साइतमा हातमा मुगदल लिएको भगवानको पित्तलको सानो प्रतिमूर्तिलाई तीनतिर खुल्ला पितलले मोडिएको छाना भएको रथमा राखी नगर परिक्रममा गराएका थिए । इतिहास बोकेको भीमसेन रथ यात्राको रौनक भने यस पटक देखिएन । आधुनिकताका कारण यो रथ यात्रासँगै पाल्पामा मनाइने जात्रा, चाडपर्वको रौनक घट्दै गएको छ । जात्रा खर्चिलो भएकाले पनि आर्थिक अभावका कारण पछिल्ला वर्षहरुमा गाई जात्रा, रोपाइँ जात्रा निकाल्ने प्रचलन कम हुँदै गएको छ । जिल्लाको गहनाका रुपमा रहेका यि संस्कृतिहरुको संरक्षणमा कसैको ध्यान जान सकेको छैन । स्थानीय कलासंस्कृतिको संरक्षण गर्ने दायित्व स्थानीय सरकारको भए पनि यसतर्फ खासै चासो दिएको देखिदैन ।



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

## सम्पादकीय

# मातृभाषा जोगाऔं

मानिसले जन्म लिएपछि सबैभन्दा पहिले बोलिने र सिक्ने भाषालाई उसको मातृभाषा भनिन्छ । मातृभाषा कुनै पनि व्यक्तिको सामाजिक एवं भाषा सम्बन्धी र रीतिरिवाजको पहिचान पनि हो । भाषाले सञ्चार, पहिचान र विकासका लागि दीर्घकालीन महत्व बोकेको हुन्छ । भाषा लोप हुँदा यसको सांस्कृतिक र बौद्धिक धरोहरको समेत अवशान हुन्छ । भाषाको मृत्युसँगै त्यस भाषामा अन्तर्निहित ज्ञान, संस्कार, संस्मरण सांस्कृतिक र भाषिक विविधता लोप हुन्छ । भाषिक विविधताले नवीन सोचाइ र यसले संसारलाई हेर्ने नवीन दृष्टिकोणसमेत बोकेको हुन्छ । भाषिक विविधता आफैंमा वैज्ञानिक खोज–अनुसन्धानको विषय हो । तर पछिल्लो समय मातृभाषा संकटको अवस्थामा पुगेको छ । यो अत्यन्तै दुखको कुरा हो ।

सरकारी नीतिका कारण आज नेपाली भाषा बाहेक अरु भाषाहरु लोपोन्मुख अवस्थामा पुगेका छन् । विश्वव्यापी रुपमा मातृभाषाको महत्वलाई बुझाउँदै यसको संरक्षणको लागि हरेक वर्ष फेब्रुअरी २१ तारिखका दिन विश्वभरि विभिन्न कार्यक्रम गरी अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाउने गरिन्छ। यस वर्ष पनि बुधबार विश्वर यो दिवस मनाइएको छ । हरेक वर्ष यो दिवस मनाइने गरिए पनि मातृभाषा लोप हुने अवस्थामा पुगेको छ । नेपालमा भाषा ऐन बनेको छैन । संघ, प्रदेश र स्थानीय सरकारले भाषासम्बन्धी कुनै काम गर्न सकेका छैनन् । जसका कारण मातृभाषा लोपउन्मुख अवस्थामा पुगेको हो । नेपालको संविधान (२०७२)ले नेपालमा बोलिने सबै भाषा 'राष्ट्रभाषा'को संज्ञा दिएको छ । तर नारामात्र बनेको छ । तथ्यांकमा उल्लेख नेपालका भाषाहरू साँच्चै जीवित छन् कि छैनन् ? स्वयं राज्यलाई थाहा छैन । तथ्यांक जप्दै सरकारका आधिकारिक निकायहरू कानमा तेल हालेर बसेका छन् । उनीहरु वर्षमा एकदिन मातृभाषाको वकालत गर्न तम्सिन्छन् । तर यसको संरक्षणमा खासै चासो देखाउँदैनन् । संविधानतः भाषा आयोग गठन भई डेढ वर्षदेखि क्रियाशील छ । मुलुकमा बोलिने भाषाहरू सीमित भाषिक समुदायले बोल्छन् । व्यवहार गर्छन् । यो उनीहरूको पेवा होइन, मुलुकको सामाजिक सम्पदा हो । यद्यपि मातृभाषाको महत्व बुझाउने काम भइरहेको छैन । संघीय, प्रदेश र स्थानीयमा यो दिवसको महत्व झल्काएर अघि बढ्नुपर्ने देखिन्छ । तर एकदिन दिवस मनाएर मात्र मुलुकको मातृभाषाहरू संरक्षण हुनसक्दैन । त्यसका लागि सम्बन्धित समुदाय, तीनै तहका सरकारले दिर्घकाली योजना बनाएर अगाडि बढ्न आवश्यक छ । यसो भयो भने मात्र मातृभाषा जोगाउन सकिन्छ । तसर्थ मातृभाषा जोगाउने दिशामा सबै सक्रिय हुन जरुरी देखिन्छ ।

## Opinion @ Social Network


आफ्नै खुट्टामा दह्रोसँग उभिने गर्नुपर्छ
अरुको काँध त मरेपछि नि चढ्न पाइन्छ ।
(मन्जिल मगरको फेसबुक स्टाटस https://www.facebook.com/manjil.ido)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धाराणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपाली समाजमा घृणा किन फैलिरहेको छ ?



विनोद त्रिपाठी

पछिल्ला दिनमा चर्चामा आएका केही पुरुषले महिला हिंसाका मुद्दा झेलिरहेका छन् । पीडित र पीडिकबिचमा हुने सन्दर्भहरू नेपाली समाजमा चर्चाका मसला बनिरहेका छन् । यस्ता सवाल कतै खिसिट्युरीका विषय बनेका छन् त कतै बदलाका भावनाहरू पोखिएका पाइन्छन् । के यी बदलाका भावहरूले लैंगिक समानतातर्फ समाजलाई लैजाला ? आउनुस्, विश्व सामाजिक मानचित्रमा नेपाली सामाजिक मनोविज्ञान कता जादैं छ, चर्चा गरौं । २०८० असार २७ गते फिल्मी अभिनेता भुवन केसी नायिका साम्राज्ञी राज्यलक्ष्मी शाहविरुद्ध दायर मुद्दामा हार्न पुगेका थिए । केसीले गाली-बेइज्जती मुद्दा दायर गरेका थिए । साम्राज्ञीले केसीविरुद्ध दुर्व्यवहार आरोप लगाइएकी थिइन् । २०७९ फागुन १५ गते अर्का नायक पल शाह एक वर्ष जेल जीवन बिताएर रिहा भए । एक गायिकाले पलविरुद्ध बलात्कार गरेको आरोप लगाएको मुद्दामा उनी जेल परेका थिए । तर, अदालतले बलात्कारका कुनै प्रमाण नदेखिएको आधारमा पललाई सफाइ दिएको थियो । २०८० पुस १३ गते क्रिकेटर सन्दीप लामिछानेलाई जिल्ला अदालत काठमाडौंले बलात्कारमा दोषी ठहर गऱ्यो । उनी अहिले यही तनावका कारण खेल क्षेत्रबाटै टाढा छन् । यद्यपि उनी उच्च अदालत जाने तयारीमा छन् । २०८० फागुन ४ गते चर्चित लोकगीत क्लबका सञ्चालक कृष्ण कँडेल केही कलाकारविरुद्ध आफूलाई अपमान भएको मुद्दा लिएर अदालत पुगेका छन् । माथि उल्लिखित बाहेक कैयौं नेता र सेलिब्रेटीका मुद्दा अदालतमा चलेकै छन् । कैयौंका पार्टी कार्यालयमा अनुसन्धानका क्रममा छन् । नेपाली समाजमा महिला पुरुषबिचको सम्बन्धमा आरोप-प्रत्यारोपको शृङ्खला जारी नै छ । साँच्चीकै पीडितहरू न्यायको पर्खाइमा छन् भने पीडकहरू आफ्नो बचाउमा लागेकै छन् । यहाँ सवाल को पीडित भयो वा पीडक हो भन्नेबारे होइन । यो छुट्याउने काम अदालतको हो । सवाल के हो भने नेपाली समाजको गति कतातर्फ दौडिएको छ भन्ने मात्र हो । अपवादलाई छाड्ने हो भने दक्षिण एसिया क्षेत्र नै पितृसत्तात्मक भूमि हो । भुटानलाई योभन्दा अलग राख्नुपर्छ । यूएनडीपीका वार्षिक प्रतिवेदनका आधारमा दक्षिण एसियाका मुलुकमा कानुन बलियो भए पनि व्यवहारतः लैंगिक समानता निकै न्यून पाइन्छ । पाकिस्तान र अझै अफगानिस्तानको कानुन भने निकै भिन्न छन् । नेपाल र भारतका कानुन धेरै हदसम्म समान छ ।

हाम्रो संविधानको धारा १६ को उपधारा (१) मा प्रत्येक व्यक्ति सम्मानपूर्वक बाँच्ने अधिकारको प्रत्याभूति गरेको छ । प्रत्येक व्यक्ति भनेको अर्थ महिला, पुरुष वा अन्य भनिएको हो । यही संविधानको धारा ३८ को उपधारा (३) मा भनिएको छ, 'कुनै महिलाविरुद्ध धार्मिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शोषण गर्न पाइने छैन । भेदभाव गर्न निषेध छ । यो अधिकार र यही प्रावधान अमेरिका, जापान, युरोपियन मुलुकहरू सबैमा करिब-करिब समान छन् । अर्थात् कानुनतः हामीले प्राप्त गरेको नागरिक नैसर्गिक अधिकार विकसित मुलुककै हाराहारीमा छ । २०४७ सालको संविधानमा पनि यो प्रावधान थियो भने ०६३ को संविधानमा अझ परिमार्जित हुदैं ०७२ को संविधानले महिला अधिकार र स्वतन्त्रतालाई निकै फराकिलो बनाइदिएको छ । कानुन एउटा रेखा मात्र हो, जुन रेखाङ्कनले मानिसलाई अनुशासनमा राख्छ । आदिमकालमा व्यक्तिका जीवनमा समूहको मुखियाले नियम बनाउँथ्यो । समयक्रम अनुसार, यी नियम आ-आफ्ना देश, परिवेश र भूगोल अनुसार कानुनमा बदलिए । के कानुनले मात्र त्यो समाजको चित्र कोरिने रहेछ त ? बिल्कुल होइन । किनकि समान कानुन भएर पनि युरोप, अमेरिका, जापान, अस्ट्रेलिया, कोरिया लगायत देशमा न यतिविघ्न हिंसा हुन्छ, न बदलाका मुद्दा दायर हुन्छन् । हामीले व्यवहारमा जे गर्छौं, त्यसैले हाम्रो जीवनमा प्रभाव पार्ने हो । कानुन त एक निमित्त घेरा मात्र हो ।

नेपालमा कानुनको यही जगमा टेकेर पुरुषहरूमाथि दबाब सिर्जना हुन थालेको बहस चल्न थालेका छन् । यसका सामान्य उदाहरण अदालतमा मुद्दा पुगेर सफाइ पाएका नजिर नै हुन् । बदलाको भावनाले समाजमा लैंगिक विशृङ्खलता ल्याइदिन्छ । जसले गर्दा पुरुष देख्दा महिला र महिला देख्दा पुरुष डराउनुपर्ने अवस्था सिर्जना हुन पुग्छ । यो दरार यति भयावह भएर जान्छ कि मौका मिल्नेबित्तिकै अपराधमा रूपान्तरण हुन पुग्छ । यसैको परिणति अहिले नेपाल र भारतका समाजले बेहोरिरहेको छ । हाम्रो समाजमा घरेलु हिंसा र पारिवारिक भेद एकातिर छ भने अर्को तिर सामाजिक भेदभावले बदलाका भावना उत्पन्न गराइदिएको छ । आज यो आक्रान्त समाजबाट मुक्ति पाउन कैयौं सचेत युवायुवतीले सदाका लागि देश छाडेर शान्त र सुरक्षित मुलुकमा बसाइँ सरिरहेका छन् । जहाँ स्वतन्त्रता छ, जहाँ शान्त छ र जहाँ कुनै उपहास खेप्नुपर्दैन, त्यो ठाउँ शान्तिप्रिय मानिसका लागि आकर्षणको केन्द्र बन्छ । नेपालमा भने सामाजिक द्वन्द्व र भेदभावबाट झन्झन् अँध्यारोतिर डोरिएको छ । समाज असुरक्षित हुनु भनेको कुनै पनि कालखण्डमा मानवरहित हुनु हो । यहाँ असुरक्षित भन्नाले महिलामाथि हुने हिंसा र पुरुषमाथि हुने हिंसात्मक दबाब भन्ने बुझ्नुपर्छ । हुन त, सेक्सुअल ह्यारेसमेन्ट विकसित मुलुकमा हाई प्रोफाइलका व्यक्तिसँग पनि नजोडिएका होइनन् । अमेरिकी पूर्वराष्ट्रपति बिल क्लिन्टनदेखि ट्रम्पसम्मले यो आरोप खेपेका छन् । तर, त्यहाँ सामाजिक परिवेश नेपाल र भारतको जस्तो संकुचन छैन । फलस्वरूप सर्वसाधारण नागरिकले लैंगिक भेदभाव वा कुनै पनि प्रकारको हिंसा बिरलै भोग्ने गर्छन् । समाजको गति धर्मले पनि निर्धारण गर्छ । अर्थात् कट्टर धार्मिक देश वा क्षेत्रमा महिला पुरुषको सम्बन्ध फराकिलो हुन्छ भने आरोप-प्रत्यारोपका चरण हिंसाका मुद्दा बनेर अदालत पुग्ने गर्छन् । जुन देशमा धर्मको विषय गौण मानिन्छ, ती मुलुक औसत शान्त र सुरक्षित छन् । उदाहरणका लागि अस्ट्रिया देश युरोपमा निकै सानो छ । यहाँ हर व्यक्तिले इच्छा अनुसारको धर्म मान्न वा कुनै पनि धर्म नमान्न स्वतन्त्र छन् । जुनसुकै धर्मको प्रचार वा प्रवचनमा स्थानीय नागरिकलाई कुनै वास्ता हुदैंन । एसिया र मध्यपूर्वबाट गएका नागरिक आफ्ना धर्मको प्रचारमा लागे पनि यहाँका स्थानीयले कुनै अवरोध गर्दैनन् । यहाँका २२ प्रतिशत बढी जनताले कुनै धर्म मान्दैनन् । तर, पनि अस्ट्रिया देश सबैभन्दा सुखी र शान्त छ । युरोपका सबै मुलुक यस्तै समानान्तर सामाजिक परिवेशमा रमाएका छन् । हाम्रो व्यावहारिक ज्ञान भने निकै कमजोर छ । हामी अन्य धर्मका व्यक्तिलाई विस्तारै घृणा गर्न थालेका छौं । बेलाबेला फरक धर्मका व्यक्तिलाई कालोमोसो दल्ने जस्तो कुकृत्य गर्न पछि पर्दैनौं । यो एक आपराधिक मानसिकता हो । हाम्रो संविधानको धारा २६ को उपधारा (१) मा भनिएको छ, 'धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ । यो व्यवस्था कुनै विकसित मुलुकको भन्दा कमजोर छैन । तर, हाम्रो सोच यति निच छ कि हामी फरक धर्ममाथि प्रहार गर्न कथित धार्मिक सेना निर्माण गरेर सामाजिक भय खडा गरिदिन्छौं । यस्ता क्रियाकलापले स्वयं उही धर्म मान्नेहरू व्यक्तिहरू र समुदायमा समेत त्रास उत्पन्न गराउँछ । फलस्वरूप, आफ्नो वस्ती छाडेर मानिसहरू अन्यत्र बसाइँ सर्न बाध्य हुनेछन् । सन् १९४७ पछि भारतमा केही वर्ष सामाजिक स्वतन्त्रता निकै फैलिएको थियो । त्योभन्दा पहिले झन् सामाजिक स्वतन्त्रता थियो र युरोपियन देशहरूको आकर्षणको केन्द्र बन्यो । यसैका कारण कहिले पोर्चुगिस, कहिले फ्रान्सिस त कहिले ब्रिटिसहरू भारतमा बस्न आए । व्यापार वा अन्य स्वार्थबाट आए पनि भारत कुनै बेला धार्मिक जडतामा थिएन । महिला पुरुष बराबर स्वतन्त्रतामा रमाउन्थे । सन् १९९० सम्म आउँदासम्म त्यो सामाजिक उदारता र महिला स्वतन्त्रता राम्रै थियो । यसका संकेत नै त्यसताका बनेका फिल्मबाट भारतको सामाजिक चरित्र स्पष्ट हुन्छ । ऊबेला अमिताभ बच्चन अभिनयमा 'चुम्मा चुम्मा दे दे' लगायत गीतहरूमा नाच्थे । भारतका गल्लीगल्लीमा युवायुवती यस्तो गीतहरूमा रमाउन्थे । अर्थात् युवायुवती बिचमा विश्वासिलो सम्बन्ध थियो । अहिले बिस्तारै ती सम्बन्ध भत्किएका छन् । भारतका हरेक बस्तीबस्ती यति हिंसात्मक बन्दै गए कि गंगाजलजस्ता बलात्कार चित्रण भएका सैयौं फिल्म हरेक वर्ष निर्माण हुँदै गएका छन् । निर्देशक र लेखकहरूले आफ्नो समाजमा जे देखे, त्यही पर्दामा उतारिदिएका हुन् । भलै अधिकांश फिल्मका कथा काल्पनिक भए केही वास्तविकतामा आधारित पनि छन् । अहिले भारत पहिले जस्तो रहेन । सन् १९९२ पछि निरन्तर भाजपाले जगाएको धार्मिक अभियान र मुद्दाले भारतीय नागरिकमा हिंसा सिर्जना गरिदिएको छ । व्यक्ति-व्यक्तिमा कित्ताकाट गरिदियो भने इगो, वैमनस्यता आदि दुर्गुणहरू सिर्जना हुँदै गए । फलस्वरूप अहिले भारतीय समाज बन्द छ । पुरुष प्रधान झन् जब्बर बन्दै गएको छ । ब्रिटिसका पालामा केटाकेटीसँगै कक्षामा बसेर पढ्ने वातावरणमा भत्कियो । अहिले अधिकांश स्कुल कलेजमा छात्रछात्राका अलग-अलग संरचना तयार छन् । समाजमा झन् व्याप्त हिंसा बढ्दै गयो । आरोप तथा प्रत्यारोप मात्र होइन, लैंगिक रूपमा घृणाहरू पैदा भए । उत्तर प्रदेशजस्ता राज्यहरू धर्मका खाडलमा जाकिए र बेलाबेला ठुलाठुला धार्मिक हिंसा फैलिए । यसको असर पूरै नेपालतर्फ सोझियो ।

खुला सिमाना र सांस्कृतिक सम्बन्धले बाँध्यो भने ती दुई देशबिचको भिन्नता रहदैंन् । रुस र युक्रेनबिच भाषा र वेशभूषाका कारण समान मात्र छैन, सामाजिक एउटै परिवेश छ । किनकि यी दुवै देशका नागरिकलाई आऊजाऊ खुला र निकै सहज छ । नेपालको भने चीनतर्फ पूरै बन्दको अवस्था छ, भारततिर खुला छ । यसले नेपाललाई पार्ने दूरगामी असर क्रमशः नेपाली समाजले भोगिरहेको छ । अहिले लैंगिक रूपमा महिला पुरुषबिचको खाडल फराकिलो बनाउन विभिन्न धार्मिक शक्ति केन्द्रहरू सक्रिय छन् । यो सबै भारतबाटै आयातीत छ । हामीलाई जापान, अमेरिका, अस्ट्रेलिया वा युरोपियनजस्ता विकसित मुलुक जस्तो बनाउन पनि परेको छ । अनि हामीलाई भारत, पाकिस्तानजस्तो कट्टर धार्मिक मुलुक पनि चाहिएको छ । चिची पनि पापा पनि ' यो पूरै असम्भव छ । संसारमा दुवै अवसर कुनै मुलुकले प्राप्त गरेका छैनन् । यही कारणले आज सिंगो सचेत वर्ग विदेश बसाइँ सरिसकेको छ । हालै अमेरिकामा नेपाली चलचित्र कलाकार संघ गठन भयो । त्यो संघमा हाल नेपालमा भएका कलाकार भन्दा ठुलो संख्यामा नेपाली कलाकार अमेरिका सरिसकेका रहेछन् । यी सबै कलाकारहरू आर्थिक समस्या भएर मात्र गएका होइनन् । हाल सिर्जना भएका आरोप-प्रत्यारोप, घृणा, द्वेष आदि सामाजिक विक्षिप्तबाट जोगिन ती कलाकार र अन्य सचेत नेपालीले आफ्नो जन्मभूमि छाडेका हुन् । अतः हाम्रो कानुनको प्रयोग कसैको दाउपेचका लागि सौदाबाजीको हतियार नबनोस् भन्नेमा हामी सचेत हुनुपर्छ । कानुनले महिला-पुरुष दुवैलाई समान हक अधिकार दिदैं गर्दा कुनै एक पक्षको दबदबा अर्को पक्षले खेप्न हुदैंन । मन मिल्दा चमत्कार, मन नमिल्दा बलात्कार भन्ने अहिले जुन चर्चा बाक्लिएको छ, यस्तो सोच आउन दिन हुदैंन । यसले झन् पितृसत्ता हाबी हुन्छ भने व्यावहारिक रूपमा महिलाले अधिकार गुमाउदैं जाने छन् । कानुनी अधिकार भएर पनि अहिले भारतका अधिकांश समाजले त्यही भोगिरहेको छ । नेपाली जनता यसमा सचेत हुनुपर्छ । अन्यथा पितृसत्ताको हाम्रो यो समाज झन् घनघोर हिंसात्मक बन्दै जानेछ । महिलाले हक-अधिकार प्रयोग गर्न पूर्ण रूपमा संविधानले दिएको छ । यसको अर्थ पुरुषमाथि दबाब सिर्जना गर्न होइन । पुरुषले पनि महिलालाई समान अधिकार दिएकामा अतिरञ्जना गर्न पाउदैंन । जब समाजमा महिला-पुरुषबिचको सम्बन्धहरू घुलमिल र अन्तरंग हुदैं जान्छन्, तब यी सारा हिंसा होस् वा आरोप-प्रत्यारोपका घटना स्वतः हराएर जानेछन् । किनकि खुला समाज, खुला परिवेश र उदार सोच भएका मुलुकमा कुनै प्रकारको घृणा उत्पन्न हुदैंन । त्यही नै उन्नत समाज हो ।

*-रातोपाटी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सुखद् समाचार सुन्न पाइएला । नयाँ कार्यको थालनी हुनसक्छ । | **तुला** : सांगीतिक क्षेत्रमा रुची बढ्नेछ । वैदेशिक क्षेत्रमा सफलता मिल्नेछ । |
| **वृष** : मंगल कार्यको योगछ । चिन्ता छाडेर कर्म गर्नाले राम्रो फल मिल्नेछ । | **वृश्चिक** : धुम्रपान र मद्यपानबाट टाढै रहनु होला । कार्यमा बाधा आउनेछ । |
| **मिथुन** : चुनौतीको सामना गर्नुपर्ला । प्रयत्न गरे फाइदा लिन सकिनेछ । | **धनु** : वैदेशिक क्षेत्रको काम अघी बढ्ने छ । कुटुम्बको सहयोग पनि मिल्नेछ । |
| **कर्कट** :संघर्ष गर्नु पर्ला । छटपटी बढ्नाले मन कमजोर रहला । | **मकर** : वैदेशिक क्षेत्रको काम अघी बढ्नेछ । पढाइमा प्रगति हुनेछ । |
| **सिंह** : विशिष्ट व्यक्तिको सहयोग पाईनेछ। व्यापारमा सफलता मिल्नेछ । | **कुम्भ** : समाजसेवामा मनलाग्नेछ । रोकिएको कामले फाइदा हुनेछ । |
| **कन्या** : कामहरू अगाडि बढ्नेछन् । दिनको उत्तरार्ध सुखद् रहनेछ । | **मीन** : साहित्यिक क्षेत्रमा रुची बढ्नेछ । आँटिको र ताकेको कार्य पुरा होला । |




निबन्ध — चूडा मणि रेग्मी

# मुसाको दुलो

'तँलाई कस्तो लाग्यो ?' 'तँ के मन पराउँछस् ?' 'चालामाला कस्तो ?' ऋतुहरूमा पनि कविहरूको बिभिन्न झुकाउ देखिन्छ । मलाई शरद र हेमन्त ऋतु मन पर्दा रहेछन् । खुला आकास, सयपत्री आदि फुलहरूले वास्नादार भुइँ, पहेंला सुनजस्ता धान, यी असाध्य हृदयमा छाप पार्छन् । खोलाको पानी मिठो, तर्न सकिने जैार, मिठो घाम, मन हर्ने हावा, परपर देखिने पहाडहरूमा देखिने उज्यालो झल्का लाटो मान्छेलाई मख्ख पारिदिन्छन् । भनिरहनु पर्दैन बोलीले, प्रकृतिले आँखाको नानीमा मुखको टुप्पो ओठमा व्यक्त गराउँछ । बेला यस्तो थियो । भद्रपुरमा भर्खर आएको थिएँ । जीवनका कतिपय प्राप्तिहरूको चाहामध्ये एक घुमन्ता जीवनको उत्तमता स्वीकार गर्थें । खरदारज्यूलाई यो कुरा थाहा थियो । उहाँ मलाई घुम्ने चानस मिलाउन खोज्नुहुन्थ्यो, त्यसैले उहाँको एक सरकारी काम परेछ । धुलाबारीसम्म साइकल लिएर बिहानै हिड्यौं । लगभग चार कोसको यो बाटो सम्ममा थियो । ठाउँठाउँमा केही बस्ती थिए । १/२ धानका मिल पनि भएकाले ढर्रा पार्ने ठाउँको अनुभव भइरहेको थियो । महाकवि देवकोटाले यसैले होला- यस्ता ठाउँमा औपचारिकता नपाएको । धुलाबारी बलौटे बजार, बिचिबिचमा पैनी भएको । केही उदासपन लिएको लाग्यो । केही मिल थिए- जसले भविष्यको केही चिनो देखाइरहेका थिए- वास्तवमा धुलाबारीले पनि कता बढ्नु छ ! बनारसमा पानपसलमा हमेसा एक जना मोटा राम्रा ठिटा पान चबाएर बस्थे । देखेको थियो । चिनाजान थियो । उनैकामा भोजन भयो । पैसा जोगाउन मासु खान छाडेको ४ वर्ष भएको थियो- घिऊ र भातमा परें । साथीले खर्दारज्यूलाई र मलाई एकएक ओटा घोडाको बन्दबस्त गरिदिए । मेरो मनमा तरहतरहका भाव फुरिरहेका थिए । कति माथिमाथिको तहबाट हामी घुमिरहेका छौं ।

*जीवनका कतिपय प्राप्तिहरूको चाहामध्ये एक घुमन्ता जीवनको उत्तमता स्वीकार गर्थें । खरदारज्यूलाई यो कुरा थाहा थियो । उहाँ मलाई घुम्ने चानस मिलाउन खोज्नुहुन्थ्यो, त्यसैले उहाँको एक सरकारी काम परेछ । धुलाबारीसम्म साइकल लिएर बिहानै हिड्यौं । लगभग चार कोसको यो बाटो सम्ममा थियो । ठाउँठाउँमा केही बस्ती थिए । १/२ धानका मिल पनि भएकाले ढर्रा पार्ने ठाउँको अनुभव भइरहेको थियो । महाकवि देवकोटाले यसैले होला- यस्ता ठाउँमा औपचारिकता नपाएको । धुलाबारी बलौटे बजार, बिचिबिचमा पैनी भएको । केही उदासपन लिएको लाग्यो । केही मिल थिए- जसले भविष्यको केही चिनो देखाइरहेका थिए- वास्तवमा धुलाबारीले पनि कता बढ्नु छ ! बनारसमा पानपसलमा हमेसा एक जना मोटा राम्रा ठिटा पान चबाएर बस्थे । देखेको थियो । चिनाजान थियो । उनैकामा भोजन भयो । पैसा जोगाउन मासु खान छाडेको ४ वर्ष भएको थियो- घिऊ र भातमा परें । साथीले खर्दारज्यूलाई र मलाई एकएक ओटा घोडाको बन्दबस्त गरिदिए ।*

भद्रपुरबाट हुर्रर हुर्रिएर साइकलमा आयौं । यहाँ एक भद्रजनको घरमा मेजमान बजायौं र अब 'मामाकी घोडी मेरी हि हि !' गरिरहेछौं । यसैले हाम्रा निर्माण माथि माथि हुन्छन् । यसैले हाम्रा साहित्य यस्तै गोरेटामा डोरिएका हुन्छन् । यिनै कुरा दु:खसुखका हुन्छन् । यी बिच बाटाका गाडीवाल र किसानहरूका वस्तीहरूमा हामी घुस्यौंन - किनभने त्यहाँ, हाम्रो प्राप्ति थिएन ! एउटा वनको गाउँमा एक जना मान्छे रुखबाट लडेर मरेछ । भर्खरै बिहा भएको थियो रे ! लास जाँच रहेछ ! कुरो ढिलो बुझ्ने लाटो मान्छे म ! भर्खरभर्खर स्पष्ट बुझिरहेको थिएँ । अरु दुई जना पुलिसका जवानहरू हामीसित भए । एक जना सिपाहीको घोडा वडा उदेकलाग्दो थियो वछडा ! खच्चड जस्तो । गदाहा जस्तो । कतै कुद्नु पऱ्यो भने कसैले सायद नभेट्लान् जस्तो- नहिंड्नु हो भने- अल्छे बहर । धुलाबारीबाट सिधा उत्तर जादैं वनमा हाम्रा घोडाले धुलो उडाए । खर्दारज्यू र पुलिसमा लाससम्बन्धी कुराकानी चल्दै थिए । म सोचिरहेको थिएँ- उपन्यासहरूमा वर्णित घोडचढी पात्रहरू । हामी त्यस्तै छौं । खरदारज्यूको बेग्लै इतिहास छ । मेरो बेग्लै र पुलिसहरूको बेग्लै । हामी जङ्लभित्र बढिरहेछौं । एक लिखमा हिंड्ने बेग्लाबेग्लै डिब्बा । टिमाई खोलो आयो ! एउटा लामो बगर ! कुरा चले पोहोर साल यसको बाढीमा धेरै धन-जनको क्षति भयो र खेत बगे । महँगीको बेला यसले उल्टो सगायो । लास जाँच्न पानीघट्टा गाउँतिर हाम्रा घोडाका मुख फर्किए । गाउँ छरिएको थियो । जङ्लभित्रको टाहारमा फिलुङ्गे र तोरीको पहेंलोपन व्याप्त थियो । केराका पात फर्फराएका थिए । शून्यपनको अनुभव ममा झन् बढेको थियो- किनभने कसैको समाजमा र दिलमा कसैको मृत्युले तीब्र व्यथा र वेदनाले घेरा हालेको कुरा छर्ल ! थियो यद्यपि कालगतिले मरेको कुरा स्पष्ट थियो, तैपनि गाउँमा भएका मान्छे हामी आएको त्रस्त अनुहारले हेर्न थालेका थिए । धेरै मान्छे घाँसमा, जङ्गलमा, खेतमा गएका रहेछन् । जम्मा हुन निकै वेर लाग्ने भयो । खरदारज्यूले शान्तिनगर जाने कुरा गर्नुभयो- खास उद्देश्य मेरो त्यहीं जाने थियो- साथी लोकराजको जहाँ घर थियो । हामी फेरि ओर्लियौं र एउटा खोलो तरेर अलिकति उकालो लाग्यौं र खोलाको किनारैकिनार अलिअलि अलिअलि अलिअलि गर्दै अगाडि बढ्यौं । यो क्रम लगभग एक कोसको जस्तो लाग्यो । तल खोलो बगिरहेछ - हेर्दा कहाली लाग्छ । पारिपट्टि जङ्गल छ । खेतहरू लट्ठ चूडामणि रेग्मी पहेंला छन् । मंसिरको बेला छ । पारिपट्टिको बाटोबाट इलाम जाने मोटरको बाटो खनिएको थियो । हामी भित्रिरहेछौं- बिस्तारो । मधेसे धर्ती फैलिरहेछ- एक अनन्त विश्वको आफूमा मुटु गाँसेर । हो त, मधेस सुनैसुनको रहेछ - सम्म जग्गा । जहाँ कतिका मिल छन् । कतिका मुन्डामहल छन् । ठुला बेपार हुन्छन् । सुनौलो गर्मी मधेस गज्जब देखिन्छ । मलाई लाग्यो- द्रौपदीको चीरहरण जस्तो छ यो बाटो । अनौठो बाटो थियो । यस्तो बाटोको चिनारी ठुटे वरमा पुग्नुभन्दा पहिले एक जना सज्जनले गरे- हजूर यो इरुँटार 'शान्तिनगरको फेदको गाउँ' त मुसाको दुलो पो त ! मलाई गज्जपले हाँस उठ्यो । खुप चित्त बुझ्यो - कस्तो झर्रो चिनारी ! त्यहाँ देखि मैले शान्तिनगरलाई मुसाको दुलो भन्ने गरेको छु । ठुटे वरमा मेला लगाएको रहेछ । झापा जिल्ला जस्तो पछि परेको ठाउँमा शिक्षामा जागृति आएको खुसी लाग्यो, तर वाचस्पतिज्यूसित भेट भएपछि कुराकानीबाट थाहा पाएँ - यहाँ लोकराज, रामबाबु, वाचस्पति, इन्द्र प्रसाई, लप्टन गन्जबहादुर कार्की जस्ता धेरै नाउँ चलेका मान्छेहरू बसेका छन्, जो सम्पन्न र शिक्षित छन् । हाई स्कुलको अनुहार हेर्दा मलाई मेरो गाउँको स्कुलको सम्झना आयो 'यद्यपि त्यो मिडिल स्कुल हो । यो हाईस्कुल' खेल्ने मैदान र पढ्ने कोठासम्मको कठिनाइ निकै बिझ्यो । माथि डाँडाबाट उता भारतको सिलिगुडी, बागडुगरा छर्लङ्ग जस्तो देखिने । यहाँसम्म मोटर गाडी आउन सक्थे तापनि उतापटिको विजुलीको उज्यालो र अरु कुराहरूको चकचकीले यहाँका वासिन्दालाई हैरान बनाउने स्पष्ट थियो । एक जना महोदयले दार्जिलिङ, घुम, खर्साङहरूतिर देखाउन बल गर्दै भने- के गर्नु ! ऊ हेर्नोस् - त्यो हाँसपोखरी हो- बनाए यहीं झकीझकाउ देखिने छ । शान्तिनगर नामाकरण गरिएको उद्देश्य पनि हाम्रो यही हो- मधेसका मान्छे यहाँ सितल खान आऊन् ! लोकराजज्यूको मेजमानी । गाउँका मान्छेसितको भलाकुसारी । जुनेली रात । भित्तामा तह पर्दै ओरालिएको मुसाको दुलाका टाउको शान्तिनगरको वास आनन्दको थियो । मेरो नराम्रो बानी भनौं- राती बेसी खट्पटी भयो- मेजमानीको यात्रा...। भोलिपल्ट फर्किदा कुलामा पानी खान घोडा निहुरियो, म खँधारिएँ - मैले सम्झें - मेरो प्रायश्चित्त... ! खरदारज्यूले अलिक तल आएपछि भन्नुभयो - परार साल पारीपट्टी वनमा म पनि हात्तीबाट खँधारिएको थिएँ । विस्तारी मुसाको दुलैदुलो निस्कियौं ।

*-समकालीन साहित्य डटकम*

## सामान्य ज्ञान

१. छोरी ज्वाइँले अंश पाउने प्रचलन नेपालको कुन जातिमा छ ?
उत्तर :दुरा जाति
२. अन्तर्राष्ट्रिय आदिवासी दिवस कहिले मनाइन्छ ?
उत्तर : जुन ९
३. पेय पदार्थ कोकाकोलाका आविष्कारक को हुन् ?
उत्तर : जोन एस. पेम्वर्टन
४. प्रख्यात स्मारक ताजमहलका प्रमुख वास्तुकार को हुन् ?
उत्तर : उस्ताद अहमद लाहोरी
५. सबै भन्दा बढी सगरमाथाको आरोहण गरी कीर्तिमान कायम गर्ने पर्वतारोही को हुन् ?
- कामीरिता शेर्पा
६. विश्व दूरसञ्चार तथा सूचना समाज दिवस कहिले मनाइन्छ ?
- मे १७
७. नेपालमा पहिलो पटक रोबोटले कार्यक्रम सञ्चालन कहिले गऱ्यो ?
- २०७६ बैशाख २८
८. डीएनएको पूरा रुप के हो ?
- डी अक्सिक्रबोनयूक्लिक एसिड
९. अरुण तेस्रो जलविद्युत आयोजनाको उत्पादन क्षमता कति छ ?
- ९०० सय मेगावाट
१०. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कहिलेदेखि लागू भएको हो ?
- २०७४ असोज २९
११. राष्ट्रिय चिकित्सा शिक्षा विधेयक कहिले प्रमाणीकरण भएको हो ?
- वि.स. २०७५ फागुन १०
१२. राणाहरूको सान्नानी भनेर कसलाई चिनिन्छ ?
उत्तर : धिरशमशेर

*-साभार : प्रशासन डटकम*

## सत्यवती गाउँपालिकाको अनुरोध

- बाझो जग्गा नराखौ/ राख्न नदिउँ ।
- सार्वजनिक सम्पत्ति ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पदाको संरक्षण गरौं ।
- खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- घरेलु हिंसा लैाँगिकहिंसा, जातिय भेदभाव लगायत सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- आफ्ना नानी-बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याउनुको साथै उनीहरुको क्रियाकलाप प्रति सधैँ सजग रहौं ।
- कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौ ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

| कमल प्रसाद भुसाल | निर माया तरामु | टिकाराम पाण्डे |
| --- | --- | --- |
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# पाल्पा प्यारागनमा चित्रकला प्रतियोगिता

## प्रतियोगितामा होराइजनका सुदर्शन प्रथम




**पाल्पा,** फागुन ९/पाल्पा प्यारागन इङ्गलिश बोर्डिङ्ग स्कुलमा अन्तर विद्यालयस्तरीय चित्रकला प्रतियोगिता भएको छ । पाल्पा प्यारागन राष्ट्रिय दीगो पयर्टन क्लव र प्यारागन ग्रीन फर गूड क्लवको संयूक्त आयोजनामा 'दिगो पर्यटन : प्राकृतिक सौन्दर्यता अन्वेषण' विषयक चित्रकला प्रतियोगिता भएको हो ।

प्रतियोगितामा न्यू होराइजन माविका सुदर्शन सुनार प्रथम, सेन्ट क्यापितानियोकी स्वेच्क्षा मल्ल दोस्रो र बेथल इंग्लिस बोर्डिङ्ग स्कुलका रिवज सारु तेस्रो भएका छन् । प्रतियोगीतामा ८ विद्यालयका विद्यार्थीहरुको सहभागिता रहेको थियो । प्यारागनको २४ औं वार्षिक उत्सवको पूर्वसन्ध्यामा स्कुलमा गठित क्लवहरुले प्रतियोगिता आयोजना गरेका प्रिन्सिपल गंगाबहादुर खत्रीले बताए । पर्यटनको प्रवर्द्धन र विकास गर्ने उद्देश्यले विद्यार्थीहरुमा पर्यटन सचेतना एवं शिक्षालाई जोड दिर्दै विद्यार्थीहरुमाझ पर्यटन सम्बन्धित चित्रकला प्रतियोगिता आयोजना गरिएको उनले एनजेडीलाई जानकारी दिए । विजयी प्रतियोगीहरुलाई बुधबार एक औपचारिक कार्यक्रमका बिच पुरस्कार वितरण गरिएको छ । स्कुल व्यवस्थापन समितिका अध्यक्ष जगदीश भट्टराई, प्रिन्सिपल गंगाबहादुर खत्री, निर्णयक मण्डलहरु तानसेन बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख पुष्करराज रेग्मी, पर्यटन व्यवसायी धनिश्वर बस्याल लगायतले विजयी प्रतियोगीहरुलाई पुरस्कार हस्तान्तरण गरेका थिए । पुरस्कार हस्तान्तरण गर्दै स्कुल व्यवस्थापन समितिका अध्यक्ष भट्टराईले विद्यार्थीहरु भविष्यका कर्णदार भएकाले उनीहरुलाई पर्यटन सम्बन्धित जानकारी लिन र सम्भावनाहरुको खोजी गरी भोलिका दिनमा पर्यटन व्यवसायीलाई माथि उकास्न प्रतियोगिताले महत्वपूर्ण टेवा पुग्ने विश्वास व्यक्त गरे । निर्णयक मण्डलहरु रेग्मी र बस्यालले सबै विद्यार्थीहरुको कला उकृष्ट नै रहे पनि उत्कृष्ट मध्ये ३ जना सर्वत्कृष्ट हुन सफल भएको बताए । उनीहरुले किताबी ज्ञानमा मात्र सिमित विद्यार्थीहरुका लागि प्रतियोगिताले पर्यटनप्रति पनि खोज अनुसन्धान गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे । ग्रीन फर गूड क्लवका अध्यक्ष तथा पर्यटन क्लवका सदस्य अंकिता बस्यालको अध्यक्षता, पर्यटन क्लवकी अध्यक्ष रोसनी थापाको स्वागत, क्लवकी सदस्य केकी बस्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

**प्यारागनले फरक ढंगले मनाउँदै वार्षिक उत्सव**

यस्तै पाल्पा प्यारागन इङ्गलिश बोर्डिङ्ग स्कुलले फरक ढंगले २४ औं वार्षिक उत्सव मनाउने तयारी गरेको छ । स्कुलले भोली हुने वार्षिक उत्सवलाई फरक उत्सवको रुपमा मनाउने गरी तयारी गरेको हो ।

वार्षिक उत्सवका अवसरमा खाना महोत्सव, शैक्षिक सामग्री प्रदर्शनी, विद्यार्थीहरुको नेतृत्व तथा क्षमता अभिवृद्धिका लागि प्यारागनको भूमिका विषयक प्यानल डिस्कसन, स्कुलका विद्यार्थी, शिक्षक, व्यवस्थापन समिति, अभिभावक, पूर्व विद्यार्थी पूर्व शिक्षकहरुबिच अन्तर्क्रिया कार्यक्रम राखिएको स्कुलका प्रिन्सिपल गंगाबहादुर खत्रीले जानकारी दिए ।

# आजदेखि बुटवलमा प्राङ्गारिक कृषि मेला



**लुम्बिनी,** फागुन ९/कृषि क्षेत्रको आधुनिकीकरणमा योगदान गर्ने उद्देश्यले बुटवल उद्योग वाणिज्य संघ र लुम्बिनी प्रदेश कृषि तथा भूमि व्यवस्था मन्त्रालयको आयोजनामा (आज) बिहीबारदेखि बुटवलमण्डपमा राष्ट्रिय प्राङ्गारिक कृषि मेला हुन लागेको छ ।

कृषि मेला सम्पादन समितिले मेला स्थल बुटवलमण्डपमा पत्रकार सम्मेलन गरेर मेलाको सम्पूर्ण तयारी पूरा भएको जनाएको छ । संघका अध्यक्ष तथा मेला सम्पादन समितिका संयोजक हरिप्रसाद अर्यालले नेपालमा कूल जनसंख्याको ६२ प्रतिशत कृषि क्षेत्रमा आधारित भए पनि कृषि क्षेत्रको योगदान २४ प्रतिशत मात्रै रहेको अवस्थामा त्यसलाई सुधार गरी कृषिका माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा हुने योगदानमा बढोत्तरी गर्नको लागि संघले विशिष्टिकृत कृषि मेला सञ्चालन गर्दै आएको बताए ।

पाँच दिनसम्म सञ्चालन हुने मेलामा प्राङ्गारिक कृषिवस्तुको उत्पादन तथा प्रवर्द्धनमा जोड दिइने छ । उपभोक्तालाई प्राङ्गारिक कृषि, पशुपन्छी तथा मत्स्यजन्य पदार्थको बारेमा सचेतना प्रदान गरिने छ । प्राङ्गारिक कृषि प्रणाली तथा असल कृषि अभ्यास पद्धति अपनाउन कृषकलाई जागरुक बनाउने, उपभोक्तामा प्राङ्गारिक कृषिउपज तथा असल खेती अभ्यास बारे जानकारी गराउने विश्वास गरिएको छ ।

कृषिको उत्पादन लागत घटाउन आधुनिक कृषि प्रविधि, कृषि औजार र 'मेसिनरी' सम्बन्धी जानकारी गराईने छ । असल कृषि प्रणाली अपनाइ कृषि, पशुपन्छी तथा मत्स्यजन्य वस्तु उत्पादन एवं बजारीकरणमा सहयोग पुऱ्याउने पनि विश्वास गरिएको छ । मेलामा कृषिका अत्याधुनिक प्रविधिको प्रदर्शनी, कृषि परिकार, उत्कृष्ट कृषि उत्पादनको प्रदर्शन, कृषि सेवासम्बन्धी जानकारीमूलक 'स्टल', प्राङ्गारिक र असल खेती अभ्यास, कृषिजन्य वस्तुको बिक्री वितरण, जीवनाशक विषादि प्रयोग प्रभाव र विकल्प, प्राङ्गारिक खेतीको लागि हालसम्मको प्रयास र उपलब्धि, मत्स्यपालन व्यवसाय, अवसर सम्भावना र चुनौती तथा कृषि वस्तुको बजारीकरण सम्बन्धी छलफल गरिने छ । *-रासस*

खेलकुद समाचार

# नामिबियासँग नेपाल पराजित



**काठमाडौं,** फागुन ९/आईसीसी क्रिकेट वर्ल्डकप लिग टूमा नेपालले नामिबियासँग पराजित भएको छ । बुधबार भएको खेलमा नामिबियाले घरेलु टोली नेपाललाई २ विकेटले पराजित गरेको हो ।

त्रिवि क्रिकेट मैदान, कीर्तिपुरमा नामिबियाले टस जित्यो र नेपाललाई ब्याटिङको निम्तो दियो । ओपनर कुशल भुर्तेल र आसिफ शेखले राम्रो सुरुवात गरेका थिए । तर सातौं ओभरमा नेपालले दुई विकेट गुमायो । ओभरको दोस्रो बलमा भुर्तेल (१८)लाई एलबीडब्लू धरापमा पारेका बर्नार्ड स्कोल्जले चौथो बलमा अनिलकुमार साह (०) लाई पेभेलियनको बाटो देखाए । नेपालले थप ५ रन जोड्दा देव खनाल पनि शून्यमै आउट भए । आसिफ शेखले कुशल मल्लसँग मिलेर नेपालको इनिङ्स अगाडि बढाए । दुवैले चौथो विकेटका लागि ५७ रनको साझेदारी गर्दै नेपालको स्कोर १०० रन पुऱ्याए । त्यसक्रममा आसिफले अर्धशतक पनि पूरा गरे । तर २० औं ओभरको पाँचौ बलमा स्कोल्जले नै आसिफलाई एलबीडब्लू धरापमा पारे । कप्तान रोहितकुमार पौडेल ९ बल खेलेर शून्यमै आउट भए । भीम सार्की र कुशल मल्लले साझेदारीको संकेत देखाएका थिए, तर २७औं ओभरको तेस्रो बलमा लेगमा सर्ट खेल्ने क्रममा फाइन लेगमा क्याच आउट भए । थप ४४ रन जोड्दा नेपालले बाँकी ४ विकेट गुमायो र ३७.१ ओभरमा १६८ रनमा अलआउट भयो । नेपाललाई सस्तैमा समेट्ने क्रममा नामिबियाका स्कोल्ज र निकोल लेफ्टी-इटनले समान ४-४ विकेट लिए भने ज्याक ब्रेसल र जेराल्ड एरास्मसको नाममा १-१ विकेट रह्यो । १६९ रनको लक्ष्य पछ्याएको नामिबियाको पनि सुरुवात राम्रो रहेन । मात्र १० रन जोड्दा ओपनर निको डाभिन (८) रनआउट भए भने थप ७ रन जोड्दा रोहितकुमार पौडेलले जेपी कोट्जेको विकेट लिए । तर माइकल भान लिंगेन र जेराल्ड एरास्मसले तेस्रो विकेटका लागि महत्वपूर्ण ५२ रनको साझेदारी गरे । १३औं ओभरको पहिलो बलमा कुशल मल्लले लिंगेनको विकेट लिए । त्यसपछि एरास्मसले ठूलो साझेदारी त गर्न सकेनन्, तर २२औं ओभरको अन्तिम बलमा आउट हुनुअघि अर्धशतक पूरा गरे । ५६ बल खेलेका उनले ८ चौका र २ छक्काको मद्दतमा ५२ रन बनाएका थिए । नेपालले थप ३ विकेट लियो, तर छैटौं नम्बरमा आएका जेजे स्मिथले अविजित ३४ रनको महत्वपूर्ण पारी खेलेपछि नामिबियाले ४० ओभरमा ८ विकेट गुमाएर विजयी लक्ष्य भेट्टायो । नेपालका लागि कुशल भुर्तेलले ३ विकेट लिंदा दीपेन्द्र सिंह ऐरी, रोहितकुमार पौडेल र कुशल मल्लको नाममा एक-एक विकेट रह्यो । त्रिदेशीय सिरिजको पहिलो खेलमा पनि नेपाल नामिबियासँगै ४ विकेटले पराजित भएको थियो भने दोस्रो खेलमा नेदरल्याण्ड्सलाई ९ विकेटले हराएको थियो । अब नेपालले आइतबार नेदरल्याण्ड्ससँग खेल्नेछ ।

कर्पोरेट/अर्थ समाचार

# माछापुच्छ्रे बैंकद्वारा भिडियो केवाईसी सेवा

Machhapuchchhre Bank Limited

माछापुच्छ्रे बैंक लिमिटेड

**पाल्पा,** फागुन ९/माछापुच्छ्रे बैंक लि.ले भिडियो केवाईसी सेवाको शुभारम्भको गरेको छ । बैंकले ग्राहकहरुको सुविधालाई मध्यनजर गर्दै उक्त सेवा ल्याएको हो ।

सेवाको सुरुवातसँगै नयाँ ग्राहकहरुले अनलाइन मार्फत खाता खोली भिडियो केवाईसी मार्फत आफ्नो पहिचान गरी खाता सञ्चालन गर्न सक्नेछन् । यस भिडियो केवाईसी मार्फत खाता खोल्दा ग्राहकहरु बैंकमा केवाईसी फर्म भर्न तथा नयाँ खाता खोल्न बैंकसम्म आउनुपर्ने छैन । यो सेवाबाट देशभित्रै वा विदेशमा बसोबास गर्ने नेपाली नागरिकहरुले विश्वको कुनै पनि ठाउँमा बसेर २४ सै घण्टा अनलाइनबाटै बैंकमा खाता खोल्न र भिडियो केवाईसी सेवामार्फत आफ्नो खाता एक्टिभेट गर्न सकिनेछ । साथै सेवाबाट नयाँ खाता खोल्दा आवश्यक पर्ने कागजातहरू प्रमाणित गर्न तथा ग्राहक पहिचान गर्न अनलाइन भिडियो मार्फत गर्न सकिने छ । बैंकले ग्राहकलाई अनलाइन खाता खोल्ने सुविधा समेत दिइरहेको छ । जसमा भिडियो केवाईसी सेवाको उपयोग गरी बैंकसम्म पुग्नुपर्ने झन्झट पनि हटेको छ । बैंकले गुणस्तरीय बैंकिङ सेवा दिंदै ग्राहकहरुलाई थप उत्कृष्ट सुविधाहरु प्रदान गर्दै आएको छ ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट

शितलपाटी .कम

www.shittalpati.com डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई